नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३०२ दायर मितिः-२०८१/१२/१०**

**फैसला मितिः-२०८१/१२/३१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **बबिता देवीको जाहेरीले** | **जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका वडा नं.२ बस्ने राजेन्द्र यादवको** |
| **नेपाल सरकार...........................१** | **छोरा वर्ष ३४ को लोरिक यादव..........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिनोद गोसाई समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको सावित बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।११।१७ गते राति अ.१९:०० बजेको समयमा बिपक्षी श्रीमान लोरिक यादव रक्सी सेवन गरी घरमा आई मलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज तथा लछार पछार गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको हुँदा निजलाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको बबिता देवीको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको सावित बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी लोरिक यादव रक्सी सेवन गरी घरमा आई श्रीमतीलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज हातपात समेत गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी लोरिक यादवलाई कैद दिन २१ र जरिवाना रु.३५००/- अक्षरेपी तीन हजार पाँच सय मात्र हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी लोरिक यादवलाई ठहरेको कैद दिन २१ को हकमा निज मिति २०८१/११/१८ देखि २०८१/१२/०९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२७१/२०८१/१२/११ बाट दाखिला गरेको धरौटी रकम रु.३५००/- बाट जरिवाना रकम रु.३५००/- कट्टी गरी मिनाह गर्नु -----------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ३१ गते आईतवार रोज १/ ने.सं. ११४५ चौलाथ्व पुन्ही, शुभम् .......